NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.
एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.
("नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रियस्तर कार्यक्षेत्र भएको")

पत्र सं. : ३७९/०७८/७९ मिति: २०७८/०७/११

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

विषय :- **साधारण सभाको प्रयोजनको लागि बुक क्लोज गरिने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस संस्थाको सञ्चालक समितिको १३३औं बैठकबाट संस्थाको चौथो वार्षिक साधारण सभा २०७८ साल मंसिर महिनाको ०५ गते, आइतबारको दिन सम्पन्न गर्ने निर्णय भएको र उक्त प्रयोजनका लागि मिति २०७८/०७/२३ देखि मिति २०७८/०८/०५ गते सम्म शेयरधनी दर्ता किताब बन्द (बुक क्लोज) गर्ने निर्णय भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीको लागि सो सम्बन्धी सूचना मिति २०७८/०७/११ गते नयाँ पत्रिकामा प्रकाशित गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

धन्यवाद !

***संलग्नः*** *चौथो वार्षिक साधारण सभाको सूचनाको प्रतिलिपी*

भवदीय,

NIC ASIA
Laghubitta Bittiya Sanstha Ltd.
Corporate Office
Banepa

.....................

**प्रह्लाद चन्द्र निरौला**
कम्पनी सचिव

**बोधार्थः**

१. श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललीतपुर ।

२. श्री सीडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलिसडक, काठमाडौं ।

३. श्री एन आई सी एशिया क्यापिटल लिमिटेड,
बबरमहल, काठमाडौं ।

**CORPORATE OFFICE**
Banepa-8, Kavrepalanchowk
Tel No: 977 011 660034
Email: info@nicasialaghubitta.com
Website: www.nicasialaghubitta.com

**REGISTERED OFFICE**
Itahari-9, Sunsari: Tel No: 025-587621


(एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड र साबिकको स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिएर बनेको संस्था)





# दुई महिनादेखि धितोपत्र बोर्ड र नेप्से नेतृत्वविहीन, दैनिक कामकारबाही प्रभावित

## पुँजी बजारका नियामक निकाय नेपाल स्टक एक्सचेन्ज (नेप्से) र धितोपत्र बोर्ड नै नेतृत्वविहीन हुँदा सेयर लगानीकर्तादेखि दैनिक गर्नुपर्ने पोलिसी तहका कामहरू प्रभावित

भोजराज भण्डारी/नयाँ पत्रिका
काठमाडौं, १० कात्तिक









नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्ज(नेप्से) नेतृत्वविहीन भएको करिब दुई महिना बितिसक्दा पनि सरकारी निकायले कुनै चासो देखाउन सकेको छैन। नियामक नेतृत्वविहन हुँदा पुँजी बजारमा हुने पोलिसी निर्माणदेखि दैनिक हुने कामकारबाही नै प्रभावित बन्न पुगेको छ। सर्वोत्तम सिमेन्टको सेयर खरिद प्रकरणमा मुछिएपछि सरकारले निलम्बन गरी छानबिन गरेसँगै बोर्ड र नेप्से नेतृत्व करिब दुई महिनादेखि नेतृत्वविहीन भएको हो।

निलम्बनकै समयमा छानबिन गर्न बाटो खोलिदिन भन्दै नेप्से प्रमुख चन्द्रसिंह साउदले गत ८ भदौमा राजीनामा दिएका थिए। पुँजी बजार क्षेत्रका गुनासादेखि आवश्यक काम रोकिँदा लगानीकर्ताहरू प्यानिक बन्ने अवस्था आएको ब्रोकर एसोसिएसनका अध्यक्ष सन्तोष मैनाली बताउँछन्। ब्रोकरहरूले शाखा विस्तारका लागि दिएको आवदेनदेखि फिल्ड भिजिटसमेत रोकिएको उनले बताए। त्यस्तै, नियमित अन्तर्क्रियादेखि नयाँ टिएमयस निर्माणको काम सबै अधुरो बन्दा अप्ठेरो भएको मैनाली बताउँछन्। उनी भन्छन्,'बजार तीन हजार बिन्दुबाट झरेको छ, नेतृत्व गर्ने सरकारसमक्ष कुरा राख्ने व्यक्ति नहुँदा यतिवेला पुँजी बजार अभिभावकविना टुहुरो भएजस्तो बालिएको छ, त्यसैले सरकारले लगानीकर्ताहरूको भरोसाका लागि भए पनि नेतृत्वलाई निकास दिनुपर्छ भन्ने हो।'

त्यस्तै, अर्थ मन्त्रालयले भीष्मराज ढुंगानालाई निलम्बन गरेपछि २९ भदौमा बोर्डका प्रवक्ता नीरज गिरीलाई निमित्त अध्यक्षको जिम्मेवारी दिइएको थियो। मन्त्रालयले बोर्डलाई पठाएको पत्रमा अध्यक्षसरहकै नेतृत्व गर्न र अर्थ मन्त्रालयकै नेतृत्वमा बोर्ड बैठक राख्न उनलाई जिम्मेवारी दिएको थियो। तर, स्रोतका अनुसार बोर्डकै अन्य कर्मचारीहरूले गिरीलाई पत्याएका छैनन्। नेतृत्वमा आउनका लागि मन्त्रिपरिषद्बाटै निर्णय भए मात्र स्वीकार गर्ने बोर्डका कर्मचारीहरूको भनाइ छ।

बोर्डको जिम्मेवारी अहिले नीरज गिरीलाई दिएको भए पनि सम्पूर्ण अधिकार दिइएको छैन। अर्थ मन्त्रालयको प्रतिनिधि राखेर दैनिक बोर्ड बैठक राख्ने काम भए पनि नेतृत्व नहुँदा फाइलहरू रोकिएका छन्। यसले दैनिक कामकारबाहीमा त्यस्तो प्रभाव नपरे तापनि कानुन निर्माणदेखि सम्बन्धित निकायमा कुरा राख्न गाह्रो भएको कर्मचारीहरू बताउँछन्।

बोर्ड अध्यक्ष नियुक्तिका लागि अर्थमन्त्रीले मन्त्रिपरिषद् बैठकमा प्रस्ताव लिएर जानुपर्छ। बर्खास्त गरेको दुई महिना बितिसक्दा पनि अर्थमन्त्री जनार्दन शर्माले प्रस्ताव लिएर जानसकेका छैनन्। अर्थ मन्त्रालय स्रोतका अनुसार तिहारपछि मात्र प्रस्ताव लैजाने गरी छलफल भएको छ। स्रोतका अनुसार जिम्मेवारी दिएका नीरज गिरीलाई नै पूर्ण जिम्मेवारी दिइने वा नयाँ व्यक्तिलाई प्रस्ताव लैजाने भन्ने मन्त्रिपरिषद् बैठकमा छलफल गरेर मात्र निर्णय लिन सकिनेछ।

# रसुवामा सार्वजनिक गाडीको भाडा घट्यो

**रसुवा/** रसुवामा सार्वजनिक गाडीको भाडादर घटेको छ। सरकारले वृद्धि गरेको २३ प्रतिशत शुल्कबाट जिल्लामा सञ्चालन हुने सार्वजनिक गाडीको भाडादर सात प्रतिशतले घटाइएको हो। जिल्ला प्रशासन कार्यालय रसुवाले आइतबार यातायात व्यवसायीसँग छलफल गरेपछि भाडादर घटेको हो। सरकारले २३ प्रतिशत भाडा बढाएपछि १ कात्तिकदेखि रसुवाबाट काठमाडौंसम्मको भाडा आठ सय १७ रुपैयाँ लिँदै आएका थिए। प्रशासनको आग्रहमा भाडादर घटेपछि अहिले रसुवाबाट काठमाडौं सात सय ३० रुपैयाँ भएको छ। बुधबारदेखि उक्त भाडादर कायम भएको जनाइएको छ।

जिल्लामा सञ्चालन हुने सार्वजनिक गाडीले साबिकको भाडादरमा १० देखि १५ प्रतिशत मात्र बढाएर भाडा लिने भएको प्रमुख जिल्ला अधिकारी नवराज जैसीले बताए। 'नागरिकहरूलाई केही राहात होस् भनेर भाडादर समायोजन गर्न यातायात व्यवसायीलाई हामीले आग्रह गरेका थियौं, हाम्रो आग्रहलाई उहाँहरूले सकारात्मक लिनुभयो र सरकारले वृद्धि गरेको २३ प्रतिशतमा सात प्रतिशत घटाउनुभयो, उनले भने।

भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रकाशन गरेको राजपत्रअनुसार काठमाडौं-धुन्चेको भाडा तीन सय ६५ रुपैयाँ तोकिएको छ।

# पुनर्निर्माणपछि जुर्मुरायो राइनासकोट

## गाउँ छोडी अन्यत्र गएका पनि फर्कन थाले

शान्ता कमली/नयाँ पत्रिका
लमजुङ, १० कात्तिक

लमजुङको राइनास नगरपालिका-९ मा रहेको ऐतिहासिक राइनासकोटमा पुनर्निर्माण गरिएका १४ घरमा घरवास पर्यटन सञ्चालन गरिएसँगै पर्यटकहरू बढ्न थालेका छन्। अमेरिकी नागरिक नतासा वाजनियाकको पहलमा राइनासकोटमा डेढ करोडभन्दा बढीको लागतमा १४ घर पुनर्निर्माण गरिएका हुन्। रित्तिन लागेको गाउँ भूकम्प गएपछि जुर्मुराएको स्थानीय विष्णुमाया गुरुङले बताइन्।

'पानी, बिजुली, बाटोघाटोको समस्याले गाउँ रित्तिने आँटेको थियो भूकम्प गएपछि गाउँ फेरि जुर्मुराएको छ', गुरुङले भनिन्। केही वर्ष पहिले आवश्यक विकासका पूर्वाधारसमेत नहुँदा राइनासकोटका बासिन्दा धमाधम अन्यत्र बसाइँ सर्ने गर्थे, तर पुनर्निर्माणपछि गाउँमै होमस्टे सञ्चालन गरेर दैनिकी चलाएका छन्। राइनासकोटमा दैनिक ३०/४० जना पर्यटक आउने गरेको होमस्टे सञ्चालक खड्गबहादुर गुरुङले बताए। उनले भने, '१४ घरमा होमस्टे सुरु गर्ने योजनाअनुसार १४ वटै घर निर्माण गरियो। एक दिनमा ८४ जनासम्म राख्न सकिने क्षमता रहेको छ।' होमस्टेमा अर्गानिक खानाका परिकारसँगै स्थानीय खसी तथा कुखुराको मासु खुवाउने गरिएको छ।



### ■ होमस्टेबाट मनग्ये आम्दानी

राइनासकोटको होमस्टेमा लमजुङ, तनहुँ, गोरखासहित काठमाडौं, पोखरा, चितवनलगायतका देशका विभिन्न ठाउँबाट दैनिक पर्यटकहरू आउँछन्। होमस्टे सञ्चालकका अनुसार होमस्टेमा एक रात बसेको पर्यटकले चार सय रुपैयाँ, लोकल कुखुराको मासुसहितको एक छाक खानाको तीन सय रुपैयाँ, र सादा खानाको एक सय ५० रुपैयाँ तिर्नुपर्छ।

गाउँमा होमस्टे सञ्चालन भई स्थानीयले मनग्ये कमाउन थालेसँगै गाउँ छोडी अन्यत्र गएका पनि गाउँ फर्कन थालेका छन्। अहिले चार घरधुरी गाउँ फर्किसकेका छन्। गाउँमा अहिले सडक, पानी, बिजुलीको र इन्टरनेटको सुविधा पनि छ। पहिले खेतीपाती गरेर जीवन गुजार्ने स्थानीय अहिले होमस्टे व्यवसायबाटै मनग्ये कमाएका छन्। राइनासकोटबाट बिहानैको मनमोहक सूर्योदय र साँझपखको सूर्यास्तको दृश्य, आँखैअगाडि 'बादलुको घुम्टो' ओढी मुस्कुराएका हिमाल, नागबेली पारामा बगेका चेपे र मर्स्याङ्दीको लोभलाग्दो दृश्य, बाइसेचौबिसे राज्य शासनमा निर्माण गरिएका ऐतिहासिक राइनासकोट किल्ला, स्थानीय कालिका, कोटेश्वर महादेव, थानीमाई मन्दिरलगायत थुप्रै कोट, किल्ला र गढीहरूको अवलोकन गर्न सकिन्छ।

सर्वोदय सेवा आश्रमका अध्यक्ष एवं सामाजिक अभियन्ता कृष्णराज ओलियाका अनुसार राइनास नगरपालिका-९, मा रहेको राइनासकोटबाट एक सय ८० डिग्रीको बिन्दुबाट एकैपटकमा बुद्ध, मनास्लु, अन्नपूर्ण, पिक ट्वेन्टी नाइन, गणेश, माछापुच्छ्रेलगायत १८ वटा हिमशृंखला आँखैअगाडि देख्न सकिन्छ। गाउँमा स्थानीयको कला, संस्कृतिलाई जोगाउन संग्रहालयसमेत स्थापना गरिएको छ।

लमजुङ जिल्लाको राइनासकोट शाहवंशीय राजाको उद्गमस्थल हो। राइनासकोटबाट लमजुङ हिमालसहित मनास्लु, अन्नपूर्ण, माछापुच्छ्रेका साथै धवलागिरिजस्ता हिमालको एकसाथ अवलोकन गरी पर्यटक रमाउने गरेका छन्। लमजुङको प्रवेशद्वारा पाउँदीबाट तीन घन्टाको पैदल यात्रा र दुई घन्टाको सवारी यात्रापछि राइनसकोट पुग्न सकिन्छ। नेपालका बाइसेचौबिसे राज्यकालमा तत्कालीन राजकुमार द्रव्य शाह बसेको राइनासकोट पुग्न लमजुङ प्रवेशद्वार पाउँदीबाट १३ किलोमिटर हुँदै दूधपोखरीमार्ग र त्यहाँबाट झन्डै २० मिनेटको सिँढी उक्लिनुपर्छ।

# 'क्षेत्रफल बढाएर विमानस्थल'

**कञ्चनपुर/** कञ्चनपुरको मझगाउँ विमानस्थलको क्षेत्रफल बढाएर भए पनि सुचारु गरिने संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेम आले (मगर)ले प्रतिबद्धता व्यक्त गरेका छन्। बुधबार मझगाउँ विमानस्थलको अवलोकन गर्दै पर्यटनमन्त्री आलेले दक्षिणतर्फ सेनाको ब्यारेकसम्म पाँच सय मिटर क्षेत्र विस्तार गरेर सञ्चालन गर्ने बताएका हुन्। 'टेन्डर भयो, ठेकेदारले काम सुरु गरेको छैन, 'उनले भने, 'काठमाडौं फर्किएलगत्तै सम्झौता गराएर काम अघि बढाउँछु।'

धनगढी विमानस्थल क्षेत्रीयस्तरको बनाउने जानकारी दिँदै उनले मझगाउँ विमानस्थलसमेत सञ्चालनमा ल्याइने बताएका हुन्। बजेटका कारण विमानस्थल बनाउन ढिलाइ भएको उनको भनाइ छ।

**पावर ट्रान्समिसन कम्पनी नेपाल लिमिटेड**
कर्पोरेट कार्यालय, ट्रेड टावर, थापाथली, काठमाण्डौको

**तेह्रौ वार्षिक साधारण सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७८/०७/११)

यस कम्पनीको सञ्चालक समितिको मिति २०७८/०७/०८ (25th October, 2021) गते बसेको ५८औं बैठकको निर्णयअनुसार कम्पनीको तेह्रौं वार्षिक साधारण सभा निम्न विषयहरुमाथी छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरु उपस्थित भई दिनु हुन वा रितपुर्वक प्रतिनिधि मुकरर गरी पठाईदिनुहुन अनुरोध छ ।

**सभा हुने मिति. समय र स्थान:**

मिति : २०७८/०८/१७ गते तदनुसार (3rd December, 2021)
समय : अपरान्ह ३:०० बजे
स्थान : ने.वि.प्रा.को सभाहल, दरवारमार्ग, काठमाडौं/Online

**साधारण सभामा छलफल हुने विषयसुची :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यु बाट हुने आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदनमाथी छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित २०७८ साल आषाढ मसान्तको वासलात र आर्थिक वर्ष २०७७/०७८ को नाफा/नोक्सान हिसाव तथा नगद प्रवाह विवरणमा छलफल गरी पारित गर्ने ।
३. आ.व. २०७८/७९ को लागि लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।
४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम शेयरधनीहरुलाई आ.व. २०७७/७८ सम्मको सचित मुनाफाबाट चुक्ता पुँजीको १८% नगद लाभांश वितरण गर्ने स्विकृति सम्वन्धमा ।
५. विविध

सञ्चालक समितिको आज्ञाले
शेर जंग कार्की
कम्पनी सचिव

## कर्जा चुक्ता गर्ने ३५ दिने सूचना

पाँचौ पटक प्रकाशित मिति २०७८/०७/११

तपसिल उल्लेखित ऋणीले यस सहकारी संस्थावाट लिएको ऋणको शर्त बमोजिम नियमित बुझाउनु पर्ने साँवा व्याज नतिरी बाँकी राख्नु भएको र यसै दैनिक पत्रिकामा समेत ३५ दिने सूचना चारपटक प्रकाशित गर्दा पनि कर्जा नतिरी नबुझाई वेवास्ता गरेका हुँदा यो अन्तिम पटक सूचना जारी गरिएको छ। तिर्नु बुझाउनु पर्ने रकम तिर्नु बुझाउन नआयमा वा तिरी बुझाई सकेको प्रमाण पेश नगरेमा कर्जा अशुलीका लागि ऋणी र धितो मन्जुरी दिने व्यक्तिका संयुक्त नाममा दर्ता रहेको तपशिलमा उल्लेखित धितो डाँक बढावढ प्रक्रियाद्धारा लिलाम बिक्री गरी कर्जा अशुल उपरका लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ।

| ऋणीको नाम | धितो जमानी मन्जुरी दिने | जमानी |
|---|---|---|
| **राम बहादुर दमाई**<br>बावु : शेर बहादुर दमाई<br>बाजे : पराले दमाई<br>ठेगाना : शिखरपुर गा.बि.स वार्ड नं.७ सिन्धुपाल्चोक<br>हाल : बूढानिलकण्ठ न.पा वार्ड नं.९ एकतावस्ती, काठमाडौं | **प्रकाश नेपाली**<br>बावु : शेर बहादुर दमाई<br>बाजे : पराले दमाई<br>ठेगाना : शिखरपुर गा.वि.स वार्ड नं.७ सिन्धुपाल्चोक | काठमाडौं जिल्ला<br>सावीक : चुनिखेल<br>गा.वि.स वार्ड नं. ०४<br>सि.नं. : ४क<br>कि.नं. : ५४१<br>क्षे.फ. : ०२-२-०(७९.४९वर्ग मि)<br>हाल बु.न.पा वार्ड नं. १३ |

**तपशिल**

मिति : २०७८/०८/१६ सम्मको साँवा, व्याज, हर्जना गरी जम्मा रु ६३३८९९/-
लिलामी मिति : २०७८/०८/१६ गते बुधवार
स्थान : जनभरोसा बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालय, एकतावस्ती जनचोक
समय : विहान १० बजेदेखी ४ बजे दिउँसो सम्म

**धितो लिलामी डाँक बढावढ सम्बन्धी शर्तहरु**

१) प्रस्तुत सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा भुक्तानी नभएमा ३६औं दिन मिति २०७८/०८/१६ गते बुधवारका दिन (उक्त दिन कुनै कारणवस विदा परेमा) भोलिपल्ट सोही स्थान र समयमा लिलामी कार्य हुने छ।
२) धितो लिलाम डाँक बढावढमा सबैभन्दा बढी बोल कबोल गर्ने व्यक्तिले बोलेको अंकको कम्तीमा १०% प्रतिशत रकम धरौटी वापत त्यसै दिन जम्मा गर्नु पर्नेछ।
३) लिलाम स्विकार गर्ने व्यक्तिले लिलाम सदर भएको ७ दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकिएको मिति भित्र बुझाउन नसकेमा जम्मा भएको धरौटी रकम स्वत: जफत हुनेछ।
४) डाँक बढावढको शुरुवात अंक उक्त अचल सम्पत्तिको मूल्याङ्कन बाट शुरुवात गरिनेछ।
५) धितो लिलाम डाँक बढावढ सुरु हुनु अगावै सम्बन्धित ऋणी वा ऋणीको तर्फबाट भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारवाही हुने छैन।
६) लिलाम सदर भए पस्चात: दाखिल खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजस्व मालपोत रजिष्ट्रेशन दस्तुर लगायत सम्पुर्ण राजस्व कर, दस्तुर एवं अन्य भैपरी खर्च लिलाम सकारने व्यक्तिले नै व्यहोर्न पर्नेछ।
७) अन्य जानकारी आवश्यक परे यस कार्यालय एकतावस्ती जनचोकमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

**जनभरोसा बचत तथा ऋण सहकारी संस्था लि.**
बुढानिलकण्ठ, नगरपालिका वार्ड नं.-९, एकतावस्ती, काठमाडौं, नेपाल, फोन नं. : ४३७३२८७

**NIC ASIA Laghubitta Bittiya Sanstha Ltd.**
**एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि.**
(नेपाल राष्ट्र बैंकबाट 'घ'वर्गको इजाजतपत्रप्राप्त संस्था, राष्ट्रिय स्तर कार्यक्षेत्र भएको)
कर्पोरेट कार्यालय बनेपा-८, काभ्रेपलाञ्चोक, फोन नं : ०११-६६००३४

## चौथो बार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०७८/०७/१० मा सम्पन्न यस संस्थाको सञ्चालक समितिको १३३ औं बैठकको निर्णयानुसार संस्थाको चौथो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

**सभा हुने मिति. स्थान र समय**

**मिति** : २०७८/०८/०५ गते (तदनुसार २१ नोभेम्बर २०२१)
**स्थान** : धरान ब्याकेट एण्ड इभेन्ट म्यानजमेन्ट प्रा. लि., धरान उपमहानगरपालिका वडा नं. १३ लक्ष्मी सडक, सुनसरी
**समय** : विहान ९:०० बजे।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७७/७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने।
३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने।
४. सञ्चालक समितिले पारित गरे बमोजिम संस्थाको शेयरधनी महानुभावहरूलाई गत आ.व. २०७७/७८ को संचित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.१,७३,९४,४०,०००/- (अक्षेरुपी एक अरब त्रिहत्तर करोड चौरानब्बे लाख चालिस हजार मात्र) को ५.४१५ अर्थात रु.९,४१,०३,७०४/- (अक्षेरुपी. नौ करोड एकचालीस लाख तीन हजार सातसय चार मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने।
५. संचालकहरूको (संस्थापक समुहबाट चार जना र सर्वसाधारण शेयरधनी समुहको दुई जना संचालकहरू) निर्वाचन गर्ने।

**(ख) विशेष प्रस्ताव**

१. संस्थाको प्रबन्ध पत्र र नियमावली समसामयिक थप/संशोधन गर्ने।
२. संस्थाको प्रबन्धपत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरूबाट कुनै कुराहरू फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात वा विवरणहरू तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक कार्य गर्न गर्नुपर्ने सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई पूर्ण अख्तियारी प्रदान गर्ने।
३. विविध।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## वार्षिक साधारण सभा सम्बन्धी थप संक्षिप्त जानकारी

१. सम्पूर्ण शेयरधनी महानुभावहरूलाई शेयरधनी लगतमा कायम रहेको निजहरूको ठेगानामा साधारण सभाको सूचना र संस्थाको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ। ठेगाना पुरा नभएका तथा उक्त कागजात प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरूले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस संस्थाको कुनै पनि शाखा कार्यालयहरूमा सम्पर्क गर्न सक्नुहुनेछ। साथै उपरोक्त उल्लेखित विवरण/प्रतिवेदनहरू यस संस्थाको वेवसाइट www.nicasialaghubitta.com मा समेत upload गरिएको छ।
२. वार्षिक साधारण सभामा भौतिक रुपमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ। कोरोना भाइरस(कोभिड १९) महामारीको कारण सभामा उपस्थित हुँदा २ मिटरको सामाजिक दुरी कायम हुने गरी हाजिरी तथा सभास्थलमा बस्ने व्यवस्था कायम गरिएको हुँदा भाईरस संक्रमणबाट बच्न/बचाउनको लागि आवश्यक पर्ने मास्क/पञ्जा लगायतका न्युनतम सुरक्षाको उपकरणहरू प्रयोग गर्न सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध छ। अन्यथा सभा कक्ष भित्र प्रवेश पाईने छैन। हाजिरी पुस्तिका बिहान ८ बजे देखि सभा चालु रहुन्जेल सम्म खुल्ला रहनेछ।
३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले संस्थाको अर्को शेयरधनीलाई मात्र प्रतिनिधी नियुक्त गर्न सक्नुहुनेछ। प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै अर्थात मिति २०७८/०८/०२ गते विहान ९:०० बजे भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, ईटहरीमा दर्ता गराईसक्नुपर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनुपर्नेछ।
४. नावालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट संस्थाको शेयर लगत दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको महानुभावहरूले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधी तोक्न सक्नु हुनेछ।
५. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ।
६. सभामा भाग लिन प्रतिनिधी नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैंले भाग लिन वा प्रतिनिधी फेरबदल गर्न चाहेमा सभा सुरु हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै सो को सूचना संस्थाको रजिष्टर्ड कार्यालय, ईटहरी उपमहानगरपालिका वडा नं. ९ दर्ता गरिसक्नुपर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन। तर सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वत: बदर हुनेछ।
७. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुने छ तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले पहिले दिएको प्रतिनिधि बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउने छ। यस्तो अवस्थामा अघि दिएको प्रतिनिधि स्वत: बदर गरेको मानिनेछ।
८. संचालकहरूको निर्वाचन सम्बन्धी कार्यक्रम संस्थाको सुचना पाटीमा प्रकाशित गरीनेछ।
९. छलफलको बिषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै बिषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो बिषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुहुन अनुरोध छ।
१०. यस चौथो वार्षिक साधारण सभा तथा नगद लाभांश प्रयोजनको लागि यस लघुवित्त वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिका मिति २०७८ साल कार्तिक २३ गते देखि मिति २०७८/८/५ सम्म बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/७/२३ गते भन्दा अगाडि कारोबार भई प्रचलित नियमानुसार यस बैंकको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लि., बबरमहल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन, मतदान गर्न तथा नगद लाभांश पाउन सक्ने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईएको छ।
११. अन्य जानकारीको लागि संस्थाको कर्पोरेट कार्यालय, बनेपा काभ्रेपलान्चोक (टेलिफोन नं. ०११६६००३४), संस्थाको बेभसाईट https://www.nicasialaghubitta.com/ मा वा कम्पनी सचिवलाई सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

**Corporate Office:** Banepa-8, Kavre, Phone : 011-660034
www.nicasialaghubitta.com
साथी सगै सबल बन्दै

# एनआईसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेडको
# चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरु,

मिति २०७७/०९/१० मा सम्पन्न यस संस्थाको सञ्चालक समितिको १३३ औं बैठकको निर्णयानुसार संस्थाको चौथो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

**सभा हुने मिति, स्थान र समय**

मिति : २०७८/०८/०५ गते (तद्नुसार २१ नोभेम्बर २०२१)
स्थान : धरान ब्याकेट एण्ड इभेन्ट म्यानजमेन्ट प्रा. लि., धरान उपमहानगरपालिका वडा नं. १३ लक्ष्मी सडक, सुनसरी
समय : विहान ९:०० बजे।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७७/७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।
३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने।
४. सञ्चालक समितिले पारित गरे बमोजिम संस्थाको शेयरधनी महानुभावहरुलाई गत आ.व. २०७७/७८ को संचित मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.१,७३,९४,४०,०००/- (अक्षेरुपी एक अरब त्रिहत्तर करोड चौरानब्बे लाख चालिस हजार मात्र) को ५.४१% अर्थात रु.९,४१,०३,७०४/- (अक्षेरुपी .नौ करोड एकचालीस लाख तीन हजार सातसय चार मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने।
५. संचालकहरुको (संस्थापक समुहबाट चार जना र सर्वसाधारण शेयरधनी समुहको दुई जना संचालकहरु) निर्वाचन गर्ने।

**(ख) विशेष प्रस्ताव**

१. संस्थाको प्रबन्ध पत्र र नियमावली समसामयिक थप/संशोधन गर्ने।
२. संस्थाको प्रवन्धपत्र, नियमावली संशोधनको क्रममा नियमनकारी निकायहरुबाट कुनै कुराहरु फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन वा कुनै थप कागजात वा विवरणहरु तयार गरी पेश गर्न कुनै सुझाव वा निर्देशन भएमा सोही अनुरुप आवश्यक कार्य गर्न गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई वा संचालक समितिले तोकेको पदाधिकारीलाई पूर्ण अख्तियारी प्रदान गर्ने।
३. विविध।

NIC ASIA
Laghubitta Bittiya Sanstha Ltd.
Corporate Office
Banepa

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## वार्षिक साधारण सभा सम्बन्धी थप संक्षिप्त जानकारी

१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको निजहरुको ठेगानामा साधारण सभाको सूचना र संस्थाको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ । ठेगाना पुरा नभएका तथा उक्त कागजात प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरुले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस संस्थाको कुनै पनि शाखा कार्यालयहरुमा सम्पर्क गर्न सक्नुहुनेछ । साथै उपरोक्त उल्लेखित विवरण/प्रतिवेदनहरु यस संस्थाको वेवसाइट www.nicasialaghubitta.com मा समेत upload गरिएको छ ।

२. वार्षिक साधारण सभामा भौतिक रुपमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ । कोरोना भाइरस(कोभिड १९) महामारीको कारण सभामा उपस्थित हुँदा २ मिटरको सामाजिक दुरी कायम हुने गरी हाजिरी तथा सभास्थलमा बस्ने व्यवस्था कायम गरिएको हुँदा भाईरस संक्रमणबाट बच्न/बचाउनको लागि आवश्यक पर्ने मास्क/पञ्जा लगायतका न्युनतम सुरक्षाको उपकरणहरु प्रयोग गर्न सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध छ । अन्यथा सभा कक्ष भित्र प्रवेश पाईने छैन । हाजिरी पुस्तिका बिहान ८ बजे देखि सभा चालु रहन्जेल सम्म खुल्ला रहनेछ ।

३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले संस्थाको अर्को शेयरधनीलाई मात्र प्रतिनिधी नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै अर्थात मिति २०७८/०८/०२ गते विहान ९:०० बजे भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, ईटहरीमा दर्ता गराईसक्नुपर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनुपर्नेछ ।

४. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।

५. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ ।

६. सभामा भाग लिन प्रतिनिधी नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैंले भाग लिन वा प्रतिनिधी फेरबदल गर्न चाहेमा सभा सुरु हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै सो को सूचना संस्थाको रजिष्टर्ड कार्यालय, ईटहरी उपमहानगरपालिका वडा नं. ९ दर्ता गरिसक्नुपर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ ।

७. एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुने छ तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले पहिले दिएको प्रतिनिधि बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउने छ । यस्तो अवस्थामा अघि दिएको प्रतिनिधि स्वतः बदर गरेको मानिनेछ ।

८. संचालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम संस्थाको सुचना पाटीमा प्रकाशित गरीनेछ ।

NIC ASIA
Laghubitta Bittiya Sanstha Ltd.
Corporate Office
Banepa

९. छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुहुन अनुरोध छ।

१०. यस चौथो वार्षिक साधारण सभा तथा नगद लाभांश प्रयोजनको लागि यस लघुवित्त वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिका मिति २०७८ साल कार्तिक २३ गते देखि मिति २०७८/८/५ सम्म बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/७/२३ गते भन्दा अगाडि कारोबार भई प्रचलित नियमानुसार यस बैंकको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लि., बबरमहल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न तथा नगद लाभांश पाउन सक्ने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईएको छ।

११. अन्य जानकारीको लागि संस्थाको कर्पोरेट कार्यालय, बनेपा काभ्रेपलान्चोक (टेलिफोन नं. ०११६६००३४ ),संस्थाको वेभसाईट https://www.nicasialaghubitta.com/ मा वा कम्पनी सचिवलाई सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

NIC ASIA
Laghubitta Bittiya Sanstha Ltd.
Corporate Office
Banepa